# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

(बागमती प्रदेश)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०७७/७८)




## नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क सङ्कलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दछ । सोही ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

मुलुकको शासकीय स्वरूप संघीय संरचनामा रूपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन २०७६/२०७७ देखि ७७ वटै जिल्लाहरूलाई समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालिएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार बागमती प्रदेशका १३ वटै जिल्लाहरू (काठमाडौं, मकवानपुर, ललितपुर, भक्तपुर, नुवाकोट, रसुवा, धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, रामेछाप र चितवन) को समग्र आर्थिक तथा वित्तीय अवस्थालाई समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकासलगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको आर्थिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक तथ्याङ्क जिल्लागत रूपमा सङ्कलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ । जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु । असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री माधव दंगाललाई विशेष ज्ञापन गर्दछु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री अवन्तिका रिमाल, श्री बिन्ती श्रेष्ठ र श्री जनकराज सापकोटा, सहायक निर्देशकद्वय श्री उदयराज पौडेल र श्री एलिशा मानन्धर तथा प्रधान सहायक श्री विवेक देवकोटा र सहायक श्री रोहन ब्यञ्जनकारसमेत धन्यवादका पात्र हुनुहुन्छ ।

**डा. प्रकाश कुमार श्रेष्ठ**

**कार्यकारी निर्देशक**

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | |
| **परिच्छेद १ प्रदेशको तुलनात्मक स्थिति** | | |
| १.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | १ |
| १.२ | अन्तरप्रदेश तुलना | १ |
| १.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | २ |
| **परिच्छेद २ कृषि क्षेत्र** | | |
| २.१ | कृषिउपजले ढाकेको भू-क्षेत्र | ३ |
| २.२ | कृषि उत्पादन | ४ |
| २.३ | पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन | ५ |
| २.४ | सिँचाइ तथा मौसम | ६ |
| २.५ | क्षेत्रगत कृषिकर्जा | ७ |
| २.६ | कृषि क्षेत्रका चुनौती र संभावना | ८ |
| **परिच्छेद ३ उद्योग क्षेत्र** | | |
| ३.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | ९ |
| ३.२ | क्षेत्रगत औद्योगिक कर्जा | ९ |
| ३.३ | औद्योगिक क्षेत्रका चुनौती र संभावना | १० |
| **परिच्छेद ४ सेवा क्षेत्र** | | |
| ४.१ | पर्यटन | ११ |
| ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ११ |
| ४.३ | वित्तीय सेवा | ११ |
| ४.४ | यातायात | १२ |
| ४.५ | सेवा क्षेत्र कर्जा | १३ |
| ४.६ | सेवा क्षेत्रको चुनौती र संभावना | १४ |
| **परिच्छेद ५ पूर्वाधार र रोजगारी** | | |
| ५.१ | पूर्वाधार क्षेत्र | १५ |
| ५.२ | पूर्वाधार क्षेत्रका चुनौती र संभावना | १६ |
| ५.३ | रोजगारी | १७ |
| **परिच्छेद ६ आर्थिक परिदृष्य** | | |
| ६.१ | कृषि उत्पादन | १८ |
| ६.२ | औद्योगिक उत्पादन | १८ |
| ६.३ | सेवा क्षेत्र | १८ |
| ६.४ | पूर्वाधार क्षेत्र | १८ |

# सारांश

बागमती प्रदेशका १३ वटा जिल्लाहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७७/७८ को प्रथम अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार-सङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

## कृषि

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र ०.२४ प्रतिशतले बढेको छ भने यस्ता बालीको उत्पादन ०.०१ प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा अवधिमा मकै उत्पादन ०.१ प्रतिशतले बढेको छ भन कोदो उत्पादन ०.१ प्रतिशत र धान उत्पादन २.५ प्रतिशतले घटेको छ ।

३. समीक्षा अवधिमा तरकारी उत्पादन २.१ प्रतिशतले बढेको छ । पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ४ प्रतिशत र मासु उत्पादन १५.२८ प्रतिशतले बढेको छ भने अण्डाको उत्पादन ५.१२ प्रतिशतले घटेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट ४.१ प्रतिशत कर्जा कृषिक्षेत्रमा प्रवाह भएको छ ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४८.९१ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४०.१८ प्रतिशत रहेको थियो ।

६. औद्योगिक उत्पादनमध्ये पशुदाना उत्पादन १६.०१ प्रतिशत, रङ उत्पादन ३५.७० प्रतिशत र ईट्टा उत्पादन ४१.४१ प्रतिशतले बढेको छ भने चुरोट उत्पादन ८.४४ प्रतिशतले घटेको छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.८ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक आगमन सङ्ख्या ९७.३८ प्रतिशतले घटेर १६ हजार ३ सय २७ कायम हुन आएको छ । पर्यटकस्तरीय होटल तथा लज सङ्ख्या २.९ प्रतिशतले बढको छ भने शैया सङ्ख्या ३.४ प्रतिशतले बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या १४.१४ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ०.५२ प्रतिशतले घटेको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप असार मसान्तको तुलनामा १८.६७ प्रतिशतले र कर्जा प्रवाह २०.११ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ७१.५ प्रतिशत रहेकोछ ।

११. समीक्षा अवधिमा यस प्रदेशमा यातायात साधन सङ्ख्या ४.८५ प्रतिशतले वृद्धि भएको छ ।

# परिच्छेद १: प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४२ खर्ब ५५ अर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ।

## १.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१६ खर्ब ४ अर्ब पुगेको अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, १०.८ प्रतिशत र ७७.४ प्रतिशत रहेको छ। विभागको प्रारम्भिक तथ्याङ्कअनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १६.८ प्रतिशत, ३०.५ प्रतिशत र ४६.७ प्रतिशत रहेको छ।

## १.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धैरै ३७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ। बृहत् आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा धैरै २१.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ। यसैगरी सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४६.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.७ प्रतिशत रहेको छ।

**तालिका १.१: प्रादेशिक आर्थिक परिसूचकहरू**

**(आर्थिक वर्ष २०७७/७८)**

| आर्थिक परिसूचक/ प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ६६३.६ | ५६१.७ | १,६०७.७ | ३७२.२ | ५,९५.६ | १७१.८ | २९३.९ | ४,२६६.३ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४.० | ४.० | ६.९ | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ | ४.० |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.५ | ११.८ | ३०.५ | ११.६ | १५.९ | ३.३ | ७.३ | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११.० | ४६.७ | ७.८ | १२.३ | ३.७ | ५.८ | १००.० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३.० | ३५.५ | २५.८ |
| उद्योग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ | १३.१ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ | ६१.१ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग।*

## १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### १.३.१ प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेश अन्तर्गतका जिल्लाहरूमध्ये हिमाली भेगमा धादिङ, रसुवा, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, पहाडी भेगमा काभ्रेपलाल्चोक र नुवाकोट, काठमाडौं उपत्यकामा काठमाडौं, भक्तपुर र ललितपुर भित्री मधेशमा मकवानपुर, चितवन र सिन्धुली जिल्ला रहेको हुँदा यस प्रदेशभित्र उच्च भौगोलिक विविधता रहेको छ । तसर्थ, यस प्रदेशमा कृषि, पर्यटन र उर्जाको तुलनात्मक रूपमा बढी सम्भावना रहेको छ ।
- राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको २०.९ प्रतिशत जनसङ्ख्या यस प्रदेशमा बसोबास गर्दछन् । आर्थिक गणना २०७५ अनुसार कुल दर्ता प्रतिष्ठान सङ्ख्याको ३० प्रतिशत प्रतिष्ठानहरू बागमती प्रदेशमा दर्ता रहेका छन् । यसर्थ, यस प्रदेशमा रोजगारीका अवसर र जनसांख्यिक लाभको उच्च सम्भावना रहेको छ ।
- देशको राजधानी काठमाडौँ लगायत प्रमुख ससहरहरू यस प्रदेशमा अवस्थित रहेकाले रेल, मोनो रेल, ट्राम, ट्रली, केवलकारजस्ता आधुनिक पूर्वाधारहरूको व्यावसायिक सम्भावना अधिक रहेको छ ।
- यस प्रदेशमा सहरीकरणको क्रम तीव्र रहेको र मुलुकको राजधानीसमेत यसै प्रदेशभित्र अवस्थित भएको हुनाले खाद्य तथा दूध प्रशोधन उद्योगहरूको सम्भावना उच्च रहेको छ ।
- यस प्रदेश प्राकृतिक श्रोतहरू जस्तै हिमाल, पहाड, वन, नदी, खानी र खनिजलगायत प्राकृतिक सौन्दर्य साथै इन्टरनेट, यातायात, शिक्षा लगायतका आधारभूत सेवामा अग्रणी स्थानमा रहेको छ । बैकिङ्ग क्षेत्रको कुल निक्षेप र कुल कर्जामा यस प्रदेशको हिस्सा क्रमशः ६९ प्रतिशत र ५५ प्रतिशत रहेको छ । त्यसर्थ, यस प्रदेशभित्र आन्तरिक र वैदेशिक लगानी आकर्षित भई उद्योग तथा व्यापार व्यवसाय विस्तार गर्न सकिने अधिक सम्भावना छ ।
- यस प्रदेशमा धार्मिक, सांस्कृतिक, जातीय, भाषिक विविधिता रहेको छ । साथै, काठमाडौँ उपत्यकामा ७ कि.मि. भित्र रहेका ७ वटा पर्यटकीय स्थलहरू विश्व सम्पदासूचीमा सूचीकृत रहेका छन् । यसर्थ, यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनकोसम्भावना उच्च छ ।
- सहरीकरण, जनघनत्व, उद्योग, व्यापार, व्यवसाय, यातायात तथा सञ्चार आदिका कारण यस प्रदेशभित्र राजस्वको आधार फराकिलो रहेको हुनाले अधिकतम राजस्व परिचालन गरी विकास निर्माणका कार्यलाई तीव्रता दिन सकिने सम्भावना रहेको छ ।

### १.३.२ प्रादेशिक चुनौती

- बढ्दो सहरीकरणका कारण मासिँदै गइरहेको कृषि भू-क्षेत्रलाई संरक्षण गरी व्यावसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्नु ।
- वातावरणीय प्रदूषण व्यवस्थापन, ट्राफिक व्यवस्थापन र व्यवस्थित सहरीकरणको विकास गर्नु ।
- पूर्वाधार विकासको गति बढाउनु र विद्यमान पूर्वाधारहरूको समयमा नै मर्मतसम्भार गरी गुणस्तर कायम राख्नु ।
- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास गर्नु ।

# परिच्छेद २: कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.२६ प्रतिशतले बढेको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल २.११ प्रतिशतले घटेको थियो।

**खाद्य तथा अन्य बाली :** आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ०.२४ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो क्षेत्रफल २.३७ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा मकै बालीले ढाकेको क्षेत्रफल ०.३८ प्रतिशत, गहुँ बालीको ०.६१ प्रतिशत, कोदो बालीको ०.४८ प्रतिशत, फापर बालीको ०.१६ प्रतिशत, आलु बालीको ०.६६ प्रतिशत, जौ बालीको ०.११ प्रतिशत, दलहन बालीको ०.१३ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ०.०२ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल ०.२४ प्रतिशत र भट्मास बालीको ०.१३ प्रतिशतले घटेको छ।

**चार्ट २.१ : प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

समीक्षा अवधिमा मकै बालीले ढाकेको क्षेत्रफल ०.३८ प्रतिशत, गहुँ बालीको ०.६१ प्रतिशत, कोदो बालीको ०.४८ प्रतिशत, फापर बालीको ०.१६ प्रतिशत, आलु बालीको ०.६६ प्रतिशत, जौ बालीको ०.११ प्रतिशत, दलहन बालीको ०.१३ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ०.०२ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल ०.२४ प्रतिशत र भट्मास बालीको ०.१३ प्रतिशतले घटेको छ।

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल १.३७ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.४६ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको प्राप्त तथ्याङ्कअनुसार यस प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २२.५ प्रतिशत काभ्रेपलाञ्चोक जिल्लामा र सबैभन्दा कम ०.९ प्रतिशत रसुवा जिल्लामा रहेको छ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल १.०२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ०.३१ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तथ्याङ्कअनुसार यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी १७.९ प्रतिशत सिन्धुली जिल्लामा र सबैभन्दा कम १.२ प्रतिशत भक्तपुर जिल्लामा रहेको छ।

## तालिका २.१: कृषि उपजले ढाकेको भू–क्षेत्र


| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| दोलखा | २२,६९३ | १,९४० | १,६३१ | ४.३ | ४.७ | ५.४ |
| सिन्धुपाल्चोक | ५३,२९८ | ३,१२० | ३,३५९ | १०.२ | ७.६ | ११.१ |
| रसुवा | ८,२४५ | ३६९ | ७६८ | १.६ | ०.९ | २.५ |
| धादिङ | ४९,०४४ | ७,०६१ | २,३३७ | ९.४ | १७.१ | ७.७ |
| नुवाकोट | ४२६९२ | १,६११ | १,८५९ | ८.१ | ३.९ | ६.२ |
| काठमाडौं | १८,२७६ | २,१४० | ७६० | ३.५ | ५.२ | २.५ |
| भक्तपुर | ९,८५५ | ३,२३९ | ३४८ | १.९ | ७.९ | १.२ |
| ललितपुर | २१,४८४ | ३,१२६ | ४७९ | ४.१ | ७.६ | १.६ |
| काभ्रेपलाञ्चोक | ६८,६५० | ९,२७३ | ४,५७६ | १३.१ | २२.५ | १५.२ |
| रामेछाप | ४५,१०२ | १,१०१ | ३,१७३ | ८.६ | २.७ | १०.५ |
| सिन्धुली | ७१,५२६ | ३,१४७ | ५,३९३ | १३.६ | ७.६ | १७.९ |
| मकवानपुर | ५०,९२९ | २,१४३ | १,३९७ | ९.७ | ५.२ | ४.६ |
| चितवन | ६२,२७६ | २,९२४ | ४,०८७ | ११.९ | ७.१ | १३.५ |
| **जम्मा** | **५,२४,०६९** | **४१,१९४** | **३०,१६६** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी १३.६ प्रतिशत र रसुवा जिल्लाको सबैभन्दा कम १.६ प्रतिशत रहेको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी २२.५ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम ०.९ प्रतिशत रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाका हिस्सा सबैभन्दा बढी १५.२ प्रतिशत र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ (तालिका २.१) ।

## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.७ प्रतिशतले बढेको छ भने खाद्य तथा अन्य बालीको उत्पादन ०.०१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादन ०.६ प्रतिशतले घटेको थियो भने खाद्य तथा अन्य बालीको उत्पादन १.७ प्रतिशतले घटेको थियो ।




*स्रोत: कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

**खाद्य तथा अन्य बाली** : समीक्षा अवधिमा मकै उत्पादन ०.१ प्रतिशत, भट्मास उत्पादन ०.२ प्रतिशत, दलहन उत्पादन १.४ प्रतिशतले वृद्धि भएको छ भने कोदो उत्पादन ०.१ प्रतिशत, फापर उत्पादन ०.४ प्रतिशत, आलु उत्पादन १.७ प्रतिशत, धान उत्पादन २.५ प्रतिशत, तेलहन बालीको उत्पादन १.१ प्रतिशत र जौ उत्पादन ०.२ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा कोदो उत्पादन ०.२ प्रतिशत, फापर उत्पादन ०.५ प्रतिशत, आलु उत्पादन ०.६ प्रतिशत, भट्मास उत्पादन ०.३ प्रतिशत, दलहन उत्पादन २.८ प्रतिशत र तेलहन उत्पादन

२.६ प्रतिशतले बढेको थियो भने धान उत्पादन ५.० प्रतिशत, मकै उत्पादन १.५ प्रतिशत र उखु ४.६ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३६.१ प्रतिशत, मकै उत्पादनको हिस्सा २८.९ प्रतिशत र धान उत्पादनको हिस्सा २४.५ प्रतिशत रहेको छ ।

**तरकारी** : समीक्षा अवधिमा तरकारीको उत्पादन २.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २.७ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूल तथा मसलाको समग्र उत्पादन २.३ प्रतिशतले बढेको छ । स्याउ उत्पादन १४.१ प्रतिशत, मसलाको उत्पादन ०.४ प्रतिशत, चिया उत्पादन ०.९ प्रतिशत, कफी उत्पादन १.७ प्रतिशतले र अन्य फलफूलको उत्पादन ८.० प्रतिशतले बढेको छ भने सुन्तला उत्पादन ०.८ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा आँप उत्पादन ७.२ प्रतिशत, केरा उत्पादन १.० प्रतिशत, चिया उत्पादन ६.२ प्रतिशत, कफी उत्पादन १.० प्रतिशत र स्याउ उत्पादन १६.० प्रतिशतले बढेको थियो भने सुन्तला उत्पादन २.० प्रतिशत, मसला उत्पादन २.२ प्रतिशत र अन्य फलफूल उत्पादन ०.३ प्रतिशतले घटेको थियो ।

यस प्रदेशमा आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको कुल फलफूल तथा मसलाको उत्पादनमा मसला ( अदुवा, बेसार आदि) उत्पादनको हिस्सा ३०.६ प्रतिशत रहेको छ भने चिया उत्पादनको हिस्सा ०.१ प्रतिशत रहेको छ । यसैगरी, फलफूलमध्ये सुन्तला उत्पादनको हिस्सा कुल फलफूल तथा मसला उत्पादनको २१.५ प्रतिशत रहेको छ भने स्याउ उत्पादनको हिस्सा कुल फलफूल तथा मसला उत्पादनको ०.५ प्रतिशत रहेको छ ।

**तालिका २.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| दोलखा | ८७,६४७ | २६,०४८ | ९,०६२ | ४.७ | ४.० | ४.६ |
| सिन्धुपाल्चोक | १,३७,७४५ | ३३,३२० | २३,४९३ | ७.४ | ५.१ | ११.९ |
| रसुवा | ५३,५१३ | ३,३१७ | ४,१०६ | २.९ | ०.५ | २.१ |
| धादिङ | १,४१,९९९ | ८८,६८६ | २१,२७१ | ७.६ | १३.६ | १०.८ |
| नुवाकोट | २,०१,९५२ | २१,०७२ | १३,५२४ | १०.८ | ३.२ | ६.८ |
| काठमाडौं | १,०९,४४० | ६५,३१५ | ५,९८२ | ५.९ | १०.० | ३.० |
| भक्तपुर | ५१,८०८ | ६८,२३० | ३,१८८ | २.८ | १०.४ | १.६ |
| ललितपुर | ७७,३८३ | ७०,१४५ | ३,५५० | ४.२ | १०.७ | १.८ |
| काभ्रेपलाञ्चोक | ३,३१,५८८ | १,७०,६२३ | २५,८०० | १७.८ | २६.१ | १३.१ |
| रामेछाप | १,३७,४२२ | १२,५३६ | २१,४१५ | ७.४ | १.९ | १०.८ |
| सिन्धुली | १,७१,९८७ | १५,०२२ | ३३,२६२ | ९.२ | २.३ | १६.८ |
| मकवानपुर | १,८७,०२० | ३८,३८४ | ४,९०५ | १०.० | ५.९ | २.५ |
| चितवन | १,७१,९८७ | ४०,८५२ | २८,००५ | ९.२ | ६.३ | १४.२ |
| **जम्मा** | **१८,६१,४९१** | **६,५३,५५०** | **१,९७,५६२** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १७.८ प्रतिशत र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम २.८ प्रतिशत रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी २६.१ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी १६.८ प्रतिशत रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम १.६ प्रतिशत रहेको छ (तालिका २.२) ।

## २.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन** : समीक्षा अवधिमा दूध उत्पादन ४.० प्रतिशत, मासु उत्पादन १५.३ प्रतिशत र छाला उत्पादन २३.१ प्रतिशतले बढेको छ भने अण्डा उत्पादन ५.१ प्रतिशत र ऊन उत्पादन १.२ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा दूध उत्पादन ३.० प्रतिशत र छाला उत्पादन १५.१ प्रतिशतले बढेको थियो भने

मासु उत्पादन ७.८ प्रतिशत र ऊन उत्पादन २४.९ प्रतिशतले घटेको थियो । सहुलियतपूर्ण कृषिकर्जा, पशु वीमा, व्यावसायिक पशुपालनमा वृद्धि लगायतका कारण समग्र पशुजन्य उत्पादनमा वृद्धि हुन सहयोग पुगेको छ ।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ७.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन ४८.० प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ३७.९ प्रतिशत र दाउरा उत्पादन ३२.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा काठ र दाउरा उत्पादन क्रमशः ७.८ प्रतिशत र १८.६ प्रतिशतले घटेको थियो ।

**तालिका २.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| दोलखा | १७,८३८ | १,८०३ | ८५,५०२ | १९ | ५.९ | ३.५ | २५.० | ०.४ |
| सिन्धुपाल्चोक | २२,७२३.३ | २,७७६ | १३,०१३ | ३० | ७.५ | ५.४ | ३.८ | ०.६ |
| रसुवा | ५,०७९ | ८४५ | १८६ | ६ | १.७ | १.६ | ०.१ | ०.१ |
| धादिङ | ५,३७८.५८ | १,३१६ | ४७२ | २३ | १.८ | २.६ | ०.१ | ०.५ |
| नुवाकोट | १३,६०२ | ८,६३२ | २,५३८ | ५३ | ४.५ | १६.८ | ०.७ | १.१ |
| काठमाडौं | ४२,५५८ | १,००९ | ४१,२३८ | २९ | १४.० | २.० | १२.० | ०.६ |
| भक्तपुर | ११,९२८ | १,०२९ | ७,३६७ | ४४ | ३.९ | २.० | २.२ | ०.९ |
| ललितपुर | ७,२०६ | १,३९४ | ६९,३६७ | १२ | २.४ | २.७ | २०.३ | ०.२ |
| काभ्रेपलाञ्चोक | ७३,०८७.५ | १०,३२४ | १२,१५५ | ४१ | २४.० | २०.१ | ३.६ | ०.९ |
| रामेछाप | १२,५९२ | १,६६६ | २,६७५ | १० | ४.१ | ३.३ | ०.८ | ०.२ |
| सिन्धुली | ७,८९० | ३,३५५ | ७,२४३ | २० | २.६ | ६.५ | २.१ | ०.४ |
| मकवानपुर | २९,८२१ | ३,६२२ | ५,२४७ | १०८ | ९.८ | ७.१ | १.५ | २.३ |
| चितवन | ५४,७५०.०० | १३,४७१ | ९५,२८८ | ४,२९५ | १८.० | २६.३ | २७.८ | ९१.६ |
| **जम्मा** | **३,०४,४५३** | **५१,२४२** | **३,४२,२९०** | **४,६८९** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू*

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी २४.० प्रतिशत दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम १.७ प्रतिशत दूध उत्पादन भएको छ । मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी २६.३ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.६ प्रतिशत रहेको छ । अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी २७.८ प्रतिशत र रसुवा र धादिङ जिल्लाहरूको हिस्सा सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी ९१.६ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ (तालिका २.३) ।

## २.४ सिँचाइ तथा मौसम

समीक्षा अवधिमा यस प्रदेशको कुल खेती गरिएको ४ लाख ३४ हजार १ सय ६६ हेक्टर क्षेत्रफलमध्ये १ लाख ५३ हजार ३ सय ७९ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा ३५.३ प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ ।




*स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल २.१ प्रतिशतले ह्रास भएको थियो । कुलोद्वारा सिञ्चित क्षेत्रफल ०.७ प्रतिशतले र नहरद्वारा सिञ्चित क्षेत्रफल ०.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल १.० प्रतिशत र नहरद्वारा सिञ्चित क्षेत्रफल ०.६ प्रतिशतले बढेको थियो ।

## २.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा २०.० प्रतिशतले वृद्धि भई रु.९० अर्ब ३४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १९.२१ प्रतिशतले वृद्धि भएको थियो । यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले ४.३४ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४३.२ प्रतिशत, चितवन जिल्लाको अंश ३१.९ प्रतिशत, मकवानपुर जिल्लाको अंश ५.० प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ४.६ प्रतिशत, धादिङ जिल्लाको अंश ३.५ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.२ प्रतिशत, ललितपुर जिल्लाको अंश २.६ प्रतिशत, भक्तपुर जिल्लाको अंश १.९ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.५ प्रतिशत, सिन्धुपाल्चोक जल्लाको अंश १.०५ प्रतिशत, दोलखा जिल्लाको अंश ०.६ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.५ प्रतिशत र रसुवा जिल्लाको अंश ०.४ प्रतिशत रहेको छ (तालिका २.२) ।

**तालिका २.२ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ५७.१४ | ०.६३ |
| सिन्धुपाल्चोक | ९५.०० | १.०५ |
| रसुवा | ३५.१६ | ०.३९ |
| धादिङ | ३११.४३ | ३.४५ |
| नुवाकोट | २८७.१९ | ३.१८ |
| काठमाडौं | ३,९००.६६ | ४३.१८ |
| भक्तपुर | १६९.९८ | १.८८ |
| ललितपुर | २३७.७१ | २.६३ |
| काभ्रेपलाञ्चोक | ४१८.३१ | ४.६३ |
| रामेछाप | ४५.०४ | ०.५० |
| सिन्धुली | १३८.३३ | १.५३ |
| मकवानपुर | ४५३.०५ | ५.०२ |
| चितवन | २,८८४.८२ | ३१.९३ |
| **जम्मा** | **९,०३३.८२** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.६.१ चुनौती

- कृषकदेखि उपभोक्तासम्मको आपूर्ति शृंखला प्रभावकारी बनाई वास्तविक उत्पादक र उपभोक्ताले अत्यधिक फाइदा लिनसक्ने वातावरण बनाउनु ।
- आवश्यक कृषि पूर्वाधारमा लगानी अभिवृद्धि गरी कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।
- उपयुक्त समयमा कृषकलाई आवश्यक परिमाणमा मलखाद तथा बीउबीजन उपलब्ध गराउनु ।
- बहुसङ्ख्यक कृषकलाई तालिम प्रदान गर्नुका साथै कृषि प्राविधिक सेवा उपलब्ध गराउनु ।
- वैदेशिक रोजगारी तथा सहरीक्षेत्रतर्फ पलायन श्रमशक्तिलाई कृषि क्षेत्रतर्फ आकर्षित गर्दै कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्नु ।
- बाँझो रहेका खेतीयोग्य जमीन उपयोगमा ल्याउन सामूहिक व्यावसायिक खेतीलाई प्रोत्साहित गर्नु ।
- अव्यवस्थित सहरीकरण व्यवस्थित गरी कृषि जमीनको खण्डीकरणलाई रोक्नु ।
- कोरोना महामारीका कारण विदेश तथा स्वदेशमा रोजगारी गुमाई आफ्नो गाउँघर फर्किएका श्रमशक्तिलाई कृषि क्षेत्रमा आवद्ध गराई प्रतिफल सुनिश्चित गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु ।
- कोभिड-१९ का कारण कृषकहरूले उत्पादन गरेका फलफूल, तरकारी, दूध तथा मासुजन्य उत्पादनको बजार व्यवस्थापन गर्नु ।

### २.६.२ सम्भावना

- यस प्रदेशका धादिङ, भक्तपुर, काभ्रे तथा नुवाकोटलाई तरकारी पकेट क्षेत्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा संघीय राजधानीका अतिरिक्त बनेपा, धुलिखेल, नारायणघाट, हेटौंडाजस्ता उच्च जनसङ्ख्या भएका सहरहरू रहेकाले प्रशोधित खाद्यान्न, तरकारी, फलफूल, माछा, मासु लगायतका वस्तुहरूको बजारकोसम्भावना उच्च रहेको छ ।
- वैदेशिक रोजगारबाट फर्कने युवालाई कृषि क्षेत्रमा आकर्षण गर्न सके कृषि क्षेत्रलाई व्यावसायीकरण गर्न सकिने देखिन्छ ।
- अन्तर्राष्ट्रिय उडानमार्फत उच्च मूल्यका कृषि उपजहरू निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ३ : उद्योग क्षेत्र

## ३.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

समीक्षा अवधिमा यस प्रदेशका नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४८.९१ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा नमूनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४१.४५ प्रतिशत रहेको थियो । वियर उद्योगले सबैभन्दा बढी १५५.६६ प्रतिशत क्षमता उपयोग गरेको छ भने अन्य रासायनिक पदार्थ अन्तर्गत ट्यावलेटको क्षमता उपयोग सबैभन्दा कम ८.८१ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये पशुदाना उत्पादन ३२.३ प्रतिशत, चाउचाउ उत्पादन ५.७ प्रतिशत, चुरोट उत्पादन १०.३ प्रतिशत, ईटा उत्पादन ३६.९ प्रतिशत, गार्मेण्ट उत्पादन १४.८ प्रतिशत, सिमेण्ट उत्पादन २२.७ प्रतिशत र रङ उत्पादन १८.३ प्रतिशतले बढेको छ भने प्रशोधित दूध उत्पादन ८.२ प्रतिशत, वियर उत्पादन ३१.५ प्रतिशत, हल्का पेय पदार्थ उत्पादन ९.१ प्रतिशत र कपडाको जुत्ता उत्पादन १८.१ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशभित्र सञ्चालित उद्योगहरूले ७,९२८ जना नेपाली नागरिकहरू र १३८ जना विदेशीहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन् ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा


समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ९.७ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ८२ अर्ब ९२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.८ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ५५ अर्ब ७९ करोड पुगेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३७.६ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.६ खर्ब ७१ अर्ब ७२ करोड (८५.८ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.४४ करोड कर्जा ( ०.०६ प्रतिशत) लगानी रहेको छ (तालिका ३.१) ।

**तालिका ३.१: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | कृषि कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | २०२.८३ | ०.२६ |
| सिन्धुपाल्चोक | १६५.५२ | ०.२१ |
| रसुवा | ४४.४० | ०.०६ |
| धादिङ | ४५४.१३ | ०.५८ |
| नुवाकोट | २६२.२६ | ०.३३ |
| काठमाडौं | ६७,१७२.४८ | ८५.८० |
| भक्तपुर | १,२५०.९६ | १.६० |
| ललितपुर | ३,५५४.९१ | ४.५४ |
| काभ्रेपलाञ्चोक | ७८५.३५ | १.०० |
| रामेछाप | ९८.२४ | ०.१३ |
| सिन्धुली | २१३.१५ | ०.२७ |
| मकवानपुर | १,१४४.३७ | १.४६ |
| चितवन | २,९४२.०८ | ३.७६ |
| **जम्मा** | **७८,२९०.६८** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २१.४ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ६.३ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, विद्युत्, ग्यास तथा पानीमा १४.३ प्रतिशतले, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा १२.० प्रतिशतले, निर्माणमा ८.१ प्रतिशतले कर्जा बढेको छ भने खानी सम्बन्धी उद्योगमा १.५ प्रतिशतले घटेको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ३.३.१ चुनौती

- औद्योगिक आपूर्ति शृंखला प्रभावकारी बनाई समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु ।
- औद्योगिक सीप विकास तालिममार्फत उद्योग क्षेत्रमा कार्यरत श्रमिकको क्षमता अभिवृद्धि गर्नु र औद्योगिक श्रम सम्वन्धमा सुधार ल्याई औद्योगिक क्षेत्रमा गैर-व्यावसायिक जोखिम कम गर्नु ।
- लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनु ।
- उद्योग तथा व्यवसाय स्थापना गर्दाको स्थिर लागतमा कमी ल्याउन जमीनको मूल्यमा स्थायित्व ल्याउनु ।
- विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गरी उद्योगहरूलाई यस्ता क्षेत्रमा सञ्चालन गर्न प्रोत्साहित गर्नु ।
- उद्योगसम्म सडक तथा बाटोको पहुँच पुऱ्याउनु, कृषि उत्पादनलाई उद्योगसँग जोड्नु र उद्योगलाई सस्तो दरमा विद्युतीय ऊर्जा नियमित उपलब्ध गराउनु ।
- नीतिगत तथा कानुनी सुधार गरी उद्योग क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु ।

### ३.३.२ सम्भावना


- यस प्रदेशमा जनघनत्व बढी भएका कारण औद्योगिक उत्पादनको बजार उच्च रहेको छ ।
- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने सम्भावना छ ।
- यस प्रदेशमा विद्युत् उत्पादन, पानी प्रशोधन, खाद्य प्रशोधन तथा पेय पदार्थ उद्योगकोसम्भावना उच्च रहेको छ ।
- सहुलियतपूर्ण ऊर्जा आपूर्तिमार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने संभावना रहेको छ ।
- यस प्रदेशका सिन्धुपाल्चोक, नुवाकोट, धादिङ लगायतका जिल्लामा ढुङ्गा, बालुवा, गिट्टी उत्खनन गर्ने उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ४ : सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरू समेटिएको छ । कोभिड-१९ महामारीका कारण पर्यटन क्षेत्र तुलनात्मक रूपमा सबैभन्दा बढी र वित्तीय सेवा कम प्रभावित भएको छ ।

## ४.१ पर्यटन

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को पहिलो लहरको कारणले समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक आगमन सङ्ख्या ९७.४ प्रतिशतले कमी आई १६ हजार ३ सय २७ हुन आएको छ । गत वर्षको सोही अवधिमा पर्यटक आगमन सङ्ख्या ६ लाख २३ हजार ५ सय ३३ रहेको थियो । समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक स्तरीय होटल तथा लज एवम् शैया सङ्ख्या यथावत् नै रहेको छ ।




*स्रोत: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उड्डयन प्राधिकरण, निर्देशनालय, होटल संघ ।*

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या १४.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो सङ्ख्या १२.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ०.५ प्रतिशतले घटेर रु.७ अर्ब ३१ करोड कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व २७.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सापास सङ्ख्या १४.९ प्रतिशतले घटेको छ । भूकम्पबाट क्षतिग्रस्त घरको पुन:निर्माण कार्य अन्तिम चरणमा पुगेको र कोभिड १९ का कारण समेतले गर्दा घर/भवन स्थायी नक्सापास सङ्ख्यामा कमी आएको हो (तालिका ४.१) । सरोकारवालाहरूको अनुसार यस प्रदेशमा महिलाको नाममा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या बढेकाले राजस्व सङ्कलन कम हुन गएको देखिन्छ ।

**तालिका ४.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७६ पुस | २०७७ पुस | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ७४,४२५ | ८४,९५१ | १४.१४ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १५,५१३ | १३,१९६ | -१४.९४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | ७३५.२९ | ७३१.४५ | -०.५२ |

***स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।***

## ४.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०७७ पुस मसान्तसम्ममा वाणिज्य बैंकका १६२७, विकास बैंकका २८७, वित्त कम्पनीका ९६ तथा लघुवित्त वित्तीय संस्थाका ६३० गरी जम्मा २६४० शाखा सञ्चालनमा रहेका छन् । यस


मध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी १०२५ तथा रामेछाप जिल्लामा सबैभन्दा कम ४४ शाखा सञ्चालनमा रहेका छन् (तालिका ४.२) ।

**तालिका ४.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरूको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७६ पुस | २०७७ पुस |
|---|---|---|
| दोलखा | ५१ | ५५ |
| सिन्धुपाल्चोक | ८६ | ८८ |
| रसुवा | ४४ | ४८ |
| धादिङ | १२८ | १४० |
| नुवाकोट | १०१ | १०८ |
| काठमाडौं | ९४४ | १,०२५ |
| भक्तपुर | १२१ | १४१ |
| ललितपुर | २२३ | २५५ |
| काभ्रेपलाञ्चोक | १६६ | १७५ |
| रामेछाप | ४२ | ४४ |
| सिन्धुली | ८७ | ९२ |
| मकवानपुर | १३८ | १५१ |
| चितवन | २८९ | ३१८ |
| **जम्मा** | **२,४२०** | **२,६४०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई पुष मसान्तमा रु.२९ खर्ब १२ अर्ब २५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.५ प्रतिशतले वृद्धि भएको थियो ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा १२.६ प्रतिशतले वृद्धि भई रु.२० खर्ब ८१ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ११.७ प्रतिशतले वृद्धि भएको थियो । २०७७ पुष मसान्तमा कर्जा निक्षेप अनुपात ७१.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ७०.६ प्रतिशत रहेको थियो ।

## ४.४ यातायात

२०७७ पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता सङ्ख्या ४.९ प्रतिशतले वृद्धि भई १४ लाख ६४ हजार ८ सय ३१ पुगेको छ । यसमध्ये मोटरसाइकल सङ्ख्या ५.४ प्रतिशत तथा अन्य सवारी साधन सङ्ख्या ३.० प्रतिशतले वृद्धि भएको छ ।

## ४.५ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा १०.० प्रतिशतले वृद्धि भई रु.८ खर्ब २१ अर्ब ३९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १५.० प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.५ प्रतिशत रहेको छ ।

कुल औद्योगिक कर्जामध्ये वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी १६.० प्रतिशतले वृद्धि भएको छ भने थोक तथा खुद्रा विक्रेता क्षेत्रमा सबैभन्दा कम ७.० प्रतिशतले वृद्धि भएको छ । यसै गरी, अन्य सेवा क्षेत्रमा १३.८ प्रतिशत र पर्यटन क्षेत्रमा ११.३ प्रतिशतले वृद्धि भएको छ भने यातायात, भण्डार र सञ्चार क्षेत्रमा २.३ प्रतिशतले कमी आएको छ ।

**तालिका ४.३: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | १६२.६९ | ०.२० |
| सिन्धुपाल्चोक | १४४.३५ | ०.१८ |
| रसुवा | ६३.०८ | ०.०८ |
| धादिङ | ७१६.४३ | ०.८७ |
| नुवाकोट | ४६५.८० | ०.५७ |
| काठमाडौं | ६७,०१५.८२ | ८१.५९ |
| भक्तपुर | १,२६३.९५ | १.५४ |
| ललितपुर | ४,३११.९७ | ५.२५ |
| काभ्रेपलाञ्चोक | १,१६३.२४ | १.४२ |
| रामेछाप | १४६.४५ | ०.१८ |
| सिन्धुली | ३२२.५५ | ०.३९ |
| मकवानपुर | १,७३३.१९ | २.११ |
| चितवन | ४,६२९.९७ | ५.६४ |
| **जम्मा** | **८२,१३९.४९** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौ जिल्लाको अंश सबैभन्दा बढी ८१.६ प्रतिशत र रसुवा जिल्लामा अंश सबैभन्दा कम ०. ०८ प्रतिशत रहेको छ (तालिका ४.३) ।

## ४.६ सेवा क्षेत्रका चुनौती र संभावना

### ४.६.१ चुनौती

- कोभिड–१९ महामारीले अति प्रभावित पर्यटन र यातायात क्षेत्रको पुनरुत्थान गर्नु ।
- कोभिड –१९ लगायत अन्य संक्रामक रोगको उपचार क्षमता अभिवृद्धि गरी स्वास्थ्य जोखिम न्यूनीकरण गर्न सार्वजनिक स्वास्थ्य क्षेत्रको क्षमता अभिवृद्धि गर्नु ।
- वित्तीय साधनलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गराई अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउनु ।
- वित्तीय पहुँच र वित्तीय साक्षरता प्रवर्द्धनमार्फत लक्षित वर्गलाई पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र अन्य वित्तीय साधन उपयोग गर्न सक्ने बनाउनु ।
- वित्तीय साक्षरता प्रवर्द्धन गरी सबैले विद्युतीय भुक्तानी सेवा उपयोग गर्न सक्ने बनाउनु ।

### ४.६.२ सम्भावना

- यस प्रदेशभित्र काठमाडौँ उपत्यका, चितवनको सौराहा, रसुवाको स्याफ्रुबेशी, सिन्धुपाल्चोकको हेलम्बु लगायतका पर्यटकीय क्षेत्र अवस्थित रहेकोले पर्यटन पूर्वाधारमा लगानी गरी पर्यटनको विकास गर्न सकिनेसम्भावना अधिक रहेको छ ।

- तीव्र सहरीकरण भइरहेकोले सार्वजनिक यातायातलाई व्यवस्थित गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- मेट्रो रेल, मोनोरेल, ट्रली, जल यातायात लगायतका आधुनिक यातायातको सेवाहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।
- शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरूको गुणस्तर सुधार गरी यस्ता क्षेत्रहरूलाई थप विस्तार गर्न सकिने सम्भावना छ ।
- निजी क्षेत्रको लगानीमा रियल स्टेट इन्भेष्टमेन्ट ट्रस्ट खडा गरी यस्ता ट्रष्टमार्फत ठुला ठुला व्यावसायिक भवनहरू निर्माण गरी काठमाडौं, चितवन, हेटौडा जस्ता सहरी क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, होटल, डिपार्टमेन्टल स्टोर, डाटा सेन्टर, सरकारी तथा निजी कार्यालय सञ्चालनका लागि यस्ता भवनहरू लिजमा लगाई रेन्टिङ व्यवसाय विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITS Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरू जारी गरी पुँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा सञ्चालित उद्योगहरूलाई वित्तीय बजारमा ल्याई पुँजी बजारलाई विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ५ : पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

समीक्षा अवधिसम्ममा यस प्रदेशमा सडकतर्फ ३,७५४ कि.मी मध्ये कुल कच्ची सडक ७३० कि.मी.तथा कुल पक्की सडक २९४ कि.मी.चालु अवस्थामा रहेका छन् ।

### ५.१.२ अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजना :

यस प्रदेशमा सञ्चालित अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजना रहेको स्थिति समीक्षा अवधिमा निम्नानुसार छ :

- **काठमाडौं तराई मधेश द्रुत मार्ग** आयोजना आ.व. २०७४/७५ बाट सुरुआत गरी रु.२ खर्ब १३ अर्ब ९५ करोड ३२ लाख लागतमा आ.व. ०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । उक्त आयोजनाको भौतिक प्रगति ७४.८० प्रतिशत र वित्तीय प्रगति ५३.८३ प्रतिशत भएको छ ।

- **माथिल्लो तामाकोशी जलविद्युत् आयोजना (४५६ मेगावाट)** आ.व.०६७/६८ बाट सुरु भएको र आ.व.०७७/७८ मा हेडवर्क्सका सबै संरचना निर्माण सम्पन्न भई रिजर्भवायरको परीक्षण सम्पन्न भएको छ । ४७ कि.मि. लामो २२० के.भि. प्रसारण लाइन निर्माण कार्य सम्पन्न भएको छ ।

- **मेलम्ची खानेपानी आयोजना** को भौतिक प्रगति ७६.७१ प्रतिशत र वित्तीय प्रगति ३६.४५ प्रतिशत भएको छ । यस अन्तर्गत हेडवर्क्स निर्माण ७० प्रतिशत, सुरुङको Grouting तथा Rockbolt जडान र Instrumentation उपकरण जडान कार्य सम्पन्न भएको छ ।

- **सुनकोशी मरिन डाइभर्सन आयोजना** आ.व.०७३/७४ बाट सुरुआत भई आ.व. ०८०/८१ सम्ममा रु.४६ अर्ब १९ करोड लागतमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । उक्त आयोजनाको भौतिक प्रगति २४ प्रतिशत र वित्तीय प्रगति २.०७ प्रतिशत भएको छ । जस अनुसार पावरहाउस र TBM Inlet Portal को जग्गाप्राप्तिका साथै हेडवर्क्स, पावरहाउस, सर्जसाफट आदिको Detail Engineering Design ड्राफ्ट Review सम्पन्न भएको छ । टनेल र सोसँग सम्बन्धित अन्य संरचना निर्माण कार्य सम्पन्न भएको छ ।

- **पशुपति क्षेत्र विकास कोष आयोजना** आ.व. ०५७/५८ बाट सुरु भई रु.१ अर्ब २७ करोड लागत अनुमान गरिएको यस आयोजनालाई आ.व. ०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । उक्त आयोजनाको भौतिक प्रगति ६० प्रतिशत र वित्तीय प्रगति १५ प्रतिशत रहेको छ ।

- **गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक आयोजना**को ३४ प्रतिशत (कुल ८२ कि.मि. मध्ये पहिलो खण्ड ४६ कि.मि. मा २१ कि.मि. कालोपत्रे सम्पन्न, दोस्रो खण्ड १९ कि.मि. खरिद प्रक्रियामा रहेको, तेस्रो खण्ड १७ कि.मि. चीन सरकारद्वारा ठेक्का व्यवस्थापन भई निर्माण सुरु हुने चरणमा रहेको छ ।) कार्य प्रगति भएको छ ।

- **मिलेनियम च्यालेन्ज एकाउण्ट नेपालको** २४ प्रतिशत (प्रारम्भिक इन्जिनियरिङ्ग डिजाइनको कार्य, रातमाटे सबस्टेशनको लागि जग्गा अधिग्रहण कार्य) सम्पन्न भएका छन् ।

### तालिका ५.१ : ठूला आयोजनाहरूको विवरण

| क्र. सं. | आयोजनाको नाम | आयोजनाले प्रभाव पार्ने क्षेत्र/प्रदेश | लक्ष्य | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत | २०७७ पुस मसान्त सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं तराई मधेश द्रुत मार्ग | ललितपुर, काठमाडौं, मकवानपुर, बारा | ७२.५ कि.मि. | आ.व. ७४/७५ | आ.व. ८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड ३२ लाख | १३.८४ |
| २ | गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक | गल्छी देखि रसुवागढी सम्म । नुवाकोट र रसुवा बागमती प्रदेश | ८२ कि.मि. | आ.व. ७२/७३ | - | १५ अर्ब ५० करोड | - |
| ३ | पशुपति क्षेत्र विकास कोष | काठमाडौं/बागमती | २८६.६ हेक्टर | आ.व.५७/५८ | आ.व.०७८/७९ | १ अर्ब २७ करोड | १५.०० |
| ४ | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | दोलखा जिल्ला, बागमती प्रदेश | ४५६ मेगावाट | आ.व.६७/६८ | आ.व.७७/७८ | ४९ अर्ब २९ करोड( डिसेम्बर २०१८ मा संशोधीत), हाल प्रक्षेपीत ५२ अर्ब ८ करोड | २१२.००* |
| ५ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशीय आयोजना | बागमती: सिन्धुली, रामेछाप, प्रदेश नं. २ : बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा | १२२,००० हेक्टर, २८.६ मेगावाट | आ.व. ७३/७४ | आ.व. ८०/८१ | ४६ अर्ब १९ करोड | २.०७ |
| ६ | मेलम्ची खानेपानी आयोजना | काठमाडौं,ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक | ५१ करोड लिटर | वि.सं.२०५५ | आ.व. ७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | १०.६५ |
| ७ | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल (विद्युत् प्रसारण आयोजना) | बुटवल, दमौली, रातमाटे, हेटौडा लप्सिफेदी | ४०० के.भी. डबल सर्किट ३१२ कि.मि. को ट्रान्समिसन लाईन | तयारी चरणमा रहेको | | अमेरिकी डलर ५२ करोड | ७.१६ |

*आयोजनाको लागि रु.१ अर्ब विनियोजन गरिएकोमा अन्य वित्तीय संस्थाबाट लिइएको आन्तरिक ऋणबाट समेत गरी रु.२ अर्ब १२ करोड खर्च भएको

*स्रोत : आर्थिक वर्ष २०७७/७८ को बजेटको अर्ध-वार्षिक समिक्षा प्रतिवेदन, राष्ट्रिय योजना आयोग*

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ५.२.१ चुनौती

- निर्माणधीन आयोजनाहरूलाई निर्धारित समय र लागतमा गुणस्तरसहित सम्पन्न गरी आयोजनाहरूलाई आर्थिक रूपले सम्भाव्य बनाउनु ।
- पूर्वाधार आयोजनाहरूको योजना निर्माण, सोको कार्यान्वयन र लाभ बाँडफाँट जस्ता सवालहरूमा सरोकारवाला निकायबीच प्रभावकारी समन्वय गर्नु ।
- मुआब्जा, जग्गा अधिग्रहण, राइट अफ वे, पुनर्वास आदि परियोजनाका पूर्व तयारीसँग सम्वन्धित विषयहरू सम्वोधन गरी स्थानीय अवरोध व्यवस्थापन गर्नु ।
- पूर्वाधार परियोजनाहरूलाई समयमा नै सम्पन्न गर्न प्रभावकारी नियन्त्रण तथा अनुगमन गर्नु र परियोजनाका अधिकारीहरूलाई आयोजनाको कार्यान्वयन प्रगतिप्रति जवाफदेही बनाउनु ।
- सम्पन्न भई प्रयोगमा रहेका पूर्वाधार आयोजनाहरूको गुणस्तर कायम राख्न यस्ता आयोजनाहरूको मर्मत सम्भार योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- पूर्वाधार आयोजनाहरूमा आवश्यक कामदार र विशेषज्ञहरूको उपलब्धता सुनिश्चित गर्नु ।

### ५.२.२ सम्भावना

- मुलुकको ठुला र प्रमुख सहरहरू यस प्रदेशमा अवस्थित रहेकोले रेल, मोनो रेल, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरूको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको छ ।
- संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीयतहहरूमा जिम्मेवारी र अधिकार बाँडफाँट भएकोले आयोजना कार्यान्वयन, अनुगमन तथा नियन्त्रण गर्ने क्षमतामा अभिवृद्धि आई पूर्वाधार विकासले गति लिने सम्भावना रहेको छ ।

- सरकारको दीर्घकालीन सोचमा पूर्वाधार विकास, विस्तार र यसको सुदृढीकरणले उच्च प्राथमिकता पाएको र विभिन्न साझेदारहरूले पनि प्राथमिकतामा राखेकोले पूर्वाधार विकासले गति लिने सम्भावना रहेको छ ।
- ठुला लगानीका पूर्वाधार आयोजनाहरू निजी-सार्वजनिक साझेदारीमा निर्माण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था भएको र वित्तीय सम्भाव्यता नभएका तर अधिक सामाजिक लाभ प्राप्त हुने निजी-सार्वजनिक परियोजनाहरूमा सरकारले नपुग रकम लगानी (Viability Gap Funding) गर्ने व्यवस्था रहेको छ ।
- सिमेण्ट उत्पादनमा देश आत्मनिर्भरतर्फ उन्मुख भएकोले पूर्वाधार निर्माण लागत घट्ने सम्भावना रहेको छ ।
- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्थिति र जलस्रोतको उपलब्धता रहेको छ ।

## ५.३ रोजगारी

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ अनुसार कुल श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत, रोजगारी-जनसङ्ख्या अनुपात ३४.२ प्रतिशत र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । बागमती प्रदेशमा श्रम शक्ति सहभागिता दर, रोजगारी-जनसङ्ख्या अनुपात र बेरोजगारी दर क्रमश: ४७.१ प्रतिशत, ४३.८ प्रतिशत र ७ प्रतिशत रहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत २०७७ पुस १६ सम्म कुल ७४ हजार ३ सय ४४ जना सूचीकृत बेरोजगारी मध्ये यस प्रदेशबाट ९७ हजार १ सय ४ जना रोजगारको लागि सूचीकृत रहेका छन् (तालिका ५.२ ) ।

रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्यसहित प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको भए तापनि कोभिड-१९ महामारीका कारण आन्तरिक तथा वैदेशिक श्रमबजार प्रभावित रहेकाले यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको छ ।

**तालिका ५.२ : प्रधानमन्त्री रोजगार कार्यक्रम**

| | सूचीकृत बेरोजगार | | | रोजगारीमा खटिएका सङ्ख्या | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | |
| बागमती | ५५,६७३ | ४१,३७३ | ९७,१०४ | ८२९ | २,३६५ | ३७४ |
| जम्मा | ४,२८,०६२ | ३,१४,४२२ | ७,४३,०४४ | ७,८३० | ५४,४२६ | २,५७८ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

# परिच्छेद ६: आर्थिक परिदृष्य

प्रदेशका कृषि विज्ञ, पशुपञ्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरूले आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी महिनाहरूमा थप बढ्दै जाने अनुमान गरिएको छ ।

## ६.१ कृषि क्षेत्रको उत्पादन परिदृष्य

समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको, कुल सिञ्चित क्षेत्रफल विस्तार भएको र कोरोना महामारीले पनि यस क्षेत्रलाई खासै असर नगरेको हुँदा बागमती प्रदेशको कृषि गतिविधि चलायमान रहने देखिन्छ । सरकारी अनुदान, सहुलियतपूर्ण कर्जा, मलखाद, बीउबीजन लगायतका कृषि सामग्रीहरूको सहज आपूर्ति भएमा हिउँदे बालीको उत्पादन वृद्धि हुने सम्भावना छ ।

## ६.२ औद्योगिक क्षेत्रको परिदृष्य

कोभिड १९ महामारीका कारण अधिकांश उद्योग, व्यवसाय बन्द अवस्थामा रहेका छन् । सञ्चालनमा रहेका उद्योगसमेत पूर्ण क्षमतामा सञ्चालन हुन सकिरहेका छैनन् । यद्यपि कोभिड-१९ विरुद्धको खोप प्रयोगमा ल्याइसकेका कारण औद्योगिक गतिविधि विस्तार हुन लागेसँगै औद्योगिक उत्पादन बढ्ने देखिन्छ ।

## ६.३ सेवा क्षेत्रको परिदृष्य

कोभिड १९ महामारी नियन्त्रण गर्न चालिएका उपायहरूका कारण आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई सेवा बन्द रहेको, शैक्षिक क्षेत्र तथा होटलहरू बन्द रहेको र निर्माणधीन होटलहरू समेत प्रभावित भएका कारण सेवा क्षेत्रको विस्तारमा कमी आउने अनुमान छ । खासगरी पर्यटन क्षेत्र र यातायात क्षेत्रको पुनरुत्थान हुन केही समय लाग्ने देखिन्छ ।

## ६.४ पूर्वाधार क्षेत्रको परिदृष्य

पूर्वाधार क्षेत्रमा मजदुर अभाव भई समग्र निर्माणजन्य कार्य बन्द रहेकोले पूर्वाधार आयोजना सम्पन्न हुन लाग्ने समय र लागत बढ्ने देखिएको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना, निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन निर्माण, सुरुङमार्ग निर्माणजस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरू समयमा नै सम्पन्न गर्न चुनौतीपूर्ण अवस्था रहेको छ ।

***